नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भाद्र/आश्विन २०६९ (September 2012) वर्ष १६/अङ्क १८६

## २१ सौं शताब्दीमा परिवर्तन आउनको लागि पेन्तिकोसको आवश्यकता

– डीकन सिमोन पाठक

नेपालमा आज सबैले परिवर्तन खोजिराखेका छन् । नयाँ बिहानी देख्ने चाहना सबैले गरिराखेका छन् । नेपालको राजनीतिमा कहिले परिवर्तन आउँला भनेर हामी आशा गरिराखेका छौं । हामीमध्ये कतिले आफ्नो परिवारमा भएको समस्याहरूमा परिवर्तन खोजिराखेका छौं होला । कतिले श्रीमान्को जीवनमा परिवर्तन देख्नको लागि प्रार्थना गरिराख्नुभएको होला भने अर्को तर्फ श्रीमान्ले श्रीमतीको जीवनमा परिवर्तन आओस् भनेर प्रार्थना गर्दै हुनुहुन्छ होला । कतिले छोराछोरीको जीवनमा परिवर्तन साथै आफ्नै जीवनमा परिवर्तन खोजिराख्नुभएको होला । हामी परिवर्तन चाहने मानिसहरू हौं तर हामीले चाहेको परिवर्तन देख्न सकिराखेका छैनौं होला । हाम्रो आफ्नै प्रयासद्वारा हामीले परिवर्तन देख्न गाह्रो छ । त्यसैकारण नै हामीलाई पेन्तिकोसको आवश्यक छ ।

यहूदीहरूले तीनवटा चाडहरू भव्यसँग मनाउँथे: भेट हुने पालको चाड (पवित्र वासस्थानको चाड), निस्तार चाड र पेन्तिकोसको चाड । पेन्तिकोसको चाड निस्तार चाड मनाएको पचास दिनपछि मनाइन्थ्यो । यी तीन चाडहरू मनाउने समयमा रोम र पर्सियामा छरिएर रहेका सबै यहूदीहरू यरूशलेममा जम्मा हुने गर्दथिए । पेन्तिकोसलाई बाइबलमा साताहरूको चाड, अन्न भित्र्याउने चाड र अगौटे फलको चाडको नामले पनि चिनिन्थ्यो (प्रस्थान ३४:२२, व्यवस्था १६:१६, २ इतिहास ८:१३, प्रेरित २०:१६, १ कोरिन्थी १६:८, याकूब १:१८) । पेन्तिकोसको समयचाहिँ खुशी हुँदै धन्यवाद दिने र गहुँको कटनी गरेर अगौटे फलको अन्न भेटी चढाउने समय हो ।

येशूका चेलाहरू पेन्तिकोसको चाड मनाउने दिनमा यरूशलेमको एउटा घरको माथिल्लो तलामा प्रार्थना गरिराखेका थिए । येशूले भन्नुभएको थियो, "पवित्र आत्मा नपाएसम्म यरूशलेमबाट कतै नजाओ" (प्रेरित १:४) । प्रेरित १:१४ अनुसार चेलाहरू एकैमनका भएर निरन्तर प्रार्थना गरिरहन्थे । उनीहरू पवित्र आत्माको पर्खाइमा थिए । नवौं दिनसम्म प्रार्थना गरिरहेका थिए । उत्तर आएको थिएन तर दशौं दिनका दिन अर्थात् पेन्तिकोसको चाड मनाउने दिनमा "स्वर्गबाट अचानक बतास आयो र तिनीहरू बसेको पूरा घरै भरिदियो... अनि तिनीहरू सबैजना पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे" (प्रेरित २:२ -४) अन्य भाषामा तिनीहरू बोलेर परमेश्वरको प्रशंसा गर्न थाले ।

**परिवर्तनको लागि पेन्तिकोसको आवश्यकता किन ? चार प्रमुख कारणहरू:**

**१. हामी सधैं पवित्र आत्माले भरिपूर्ण हुनलाई (प्रेरित २:४) ।**

हामी पवित्र आत्माले भरिपूर्ण भएनौं भने हामी संसारिकताले भरिन्छौं । हामी एक तेजबाट अर्को तेजमा बनिँदै जान सक्दैनौं । प्रेरित २:४ अनुसार सबैजना पवित्र आत्माले भरिए । पवित्र आत्माले भरिपूर्ण भएपछि मानिसहरू अन्य भाषाहरूमा बोल्न लागे । यहाँ भाषाहरू भनेर बहुवचनमा लेखिएको छ । यसले यो कुराको पुष्टि हुन्छ कि त्यहाँ एकभन्दा बढी भाषाहरूमा मानिसहरू परमेश्वरको प्रशंसा गरिराखेका थिए । तिनीहरूमध्ये कतिले बोलेको अन्य भाषा बोल्नेहरूको लागि नजानिएको तर संसारको कुनै ठाउँमा बोलिने भाषा थियो भने कतिले बोलेको अन्य भाषा संसारमा कहीँ पनि नबोलिने भाषा थियो जसलाई हामी स्वर्गीय भाषा पनि भन्छौं । हामीले बोलेको अन्य भाषा संसारमा भएका भाषाहरूमध्येको कुनै एक भाषा होस् या त संसारमा हुँदै नभएको स्वर्गीय भाषा होस् त्यो मुख्य होइन । महत्त्वपूर्ण कुराचाहिँ हामी अन्यभाषामा बोल्नु हो । जब हामी विश्वासद्वारा बोल्न लाग्छौं, त्यहाँ आत्मिक वृद्धि हुँदछ (१ कोरिन्थी १४:२ र ४) । हामीले आफ्नो वृद्धि वा सुधार नगरी मण्डलीको उन्नति गर्न सक्दैनौं । दोस्रो कारण:

**२. हामी सधैं साहसी बन्नलाई (प्रेरित २:१४-३८) ।**

पत्रुस पेन्तिकोसको आशिष् पाउनुअगाडि डरपोक व्यक्ति थियो । डरको कारणले नै ५० दिनअघि येशू क्रूसमा चढाइनुभएको समयमा तीन पटक इन्कार गरेको थियो तर पेन्तिकोसको घट्नाले उसको जीवनमा ठूलो परिवर्तन ल्याइदियो । उसमा भएको लाज, डर सबै हटेर गयो । ऊ साहसी व्यक्ति बन्यो । खुल्लमखुल्ला येशूको नाउँको घोषणा गऱ्यो । हामीलाई कतिपटक मानिसको अगाडि ख्रीष्टको साक्षी दिन डर लाग्छ तर पेन्तिकोसको आशिष्ले हामीलाई साहसी बनाउँदछ । यदि हामीलाई सुसमाचार सुनाउन लाज लाग्छ, डर लाग्छ भने हाम्रो जीवनमा पेन्तिकोसको खाँचो छ । पहिलो शताब्दीका विश्वासीहरू पवित्र आत्माले भरिएपछि त्यो समयको संसारलाई उलटपुलट पारेका थिए । त्यसकारण नै परिवर्तन आउनको लागि पेन्तिकोसको आवश्यकता छ । तेस्रो कारण:

**३. हामी सधैं मेलमिलापमा रहनलाई (प्रेरित २:४२) ।**

पेन्तिकोसले पहिलो शताब्दीको मण्डलीमा ल्याएको ठूलो परिवर्तनचाहिँ मेलमिलाप पनि हो । पेन्तिकोस अगाडिसम्म १२० जना प्रेरितहरू र तीन हजार मानिसहरूको बीचमा ठूलो खाडल थियो । तीन हजार मानिसहरूले १२० जना विश्वासीहरूलाई खिल्ली उडाइराखेका थिए तर पेन्तिकोसको घट्नाले उनीहरूमा ठूलो परिवर्तन ल्याइदियो । अघिका शत्रुहरू अब मित्रहरू बने । ख्रीष्टमा दाजुभाइ दिदीबहिनीहरू बन्न सके । खुशी र शुद्ध हृदयले मिलीजुली एकै ठाउँमा बसेर खान थाले ।

यस किसिमको परिवर्तन मानिसको प्रयासबाट धेरै नै कठिन छ तर पेन्तिकोसको दिनमा स्वर्गबाट पृथ्वीमा ओर्लनुभएको पवित्र आत्मा जब मण्डलीमा खन्याइनुहुन्छ तब मण्डलीले संसारलाई पविर्तन गर्ने शक्ति प्राप्त गर्नेछ । पेन्तिकोसको आशिषपछि पहिलो शताब्दीका विश्वासीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे । के आज हाम्रो समाजलाई चाहिएको कुरा यही होइन र ?

नेपालमा जाति-जातिहरू एकै ठाउँमा बसेर खाने अवस्था छैन । मिलापको सट्टा जाति-जातिहरू लडाईं गर्ने अवस्था भइराखेको छ । मानिसमा साँचो परिवर्तन ल्याउन दर्शन-शास्त्रले सक्दैन, धर्महरूले सक्दैन, कुनै सिद्धान्तले सक्दैन, तरवारहरूले सकिँदैन । परिवर्तन ल्याए पनि त्यो क्षणिक हुन्छ तर पेन्तिकोसले मानिसले चाहेको दीर्घकालीन परिवर्तन ल्याउन सक्छ ।

यी दिनहरूमा मण्डलीहरूमा फूट छ, किन ? धेरै कारणहरू मध्ये एउटा प्रमुख कारण मण्डलीहरूले पेन्तिकोसले ल्याउने परिवर्तनलाई बेवास्ता गरेका छन् । नेपालका मण्डलीहरूले पेन्तिकोसको परिवर्तन गर्ने शक्तिलाई आफ्नो जीवनमा काम गर्न दिए भने हामीमा मेलमिलाप सम्भव छ । यदि हाम्रो परिवारमा मेलमिलाप छैन, झगडा छ भने पेन्तिकोसको परिवर्तन गर्ने शक्तिलाई हाम्रो जीवनमा काम गर्न दिऔं । चौथो र अन्तिम कारण:

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** |
| **भाद्र २३ गते सेप्टेम्बर ८ ता.** | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | श्री<br>प्रेम आले मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सिमोन खालिङ | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>दिल थापा |
| **भाद्र ३० गते सेप्टेम्बर १५ ता.** | एल्डर<br>सामुएल क्षेत्री | पाष्टर<br>अशोक मुखिया | श्री<br>पदम बहादुर राई | डीकन<br>सिमोन पाठक | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>छचोगेन रोंगोंग |
| **आश्विन ६ गते सेप्टेम्बर २२ ता.** | डीकन<br>सिमोन पाठक | श्री<br>सरुषमान तामाङ्ग | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | **संयुक्त सेवा<br>ललितपुर चर्च** |
| **आश्विन १३ गते सेप्टेम्बर २९ ता.** | पाष्टर<br>महेश थाँजु | एल्डर<br>पूर्ण सुनुवार | श्री<br>दान बहादुर अधिकारी | डीकनेस्<br>शारोन रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | श्री<br>शरण राई |
| **आश्विन २० गते अक्टोबर ७ ता.** | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर राजेन्द्र रोंगोंग<br>पाष्टर रोल्याण्ड रोंगोंग | श्री<br>प्रेम बहादुर ठकुरी | डीकन<br>सिमोन पाठक |

४. **हामी सधैँ प्रशंसा गर्ने मानिसहरू बन्नलाई (प्रेरित २:११,४७) ।**
पेन्तिकोसको घट्नाले पहिलो शताब्दीका विश्वासीहरूलाई परमेश्वरको प्रशंसा गर्ने मानिसहरू बनायो । पद ११ मा भीडले दिएको साक्षी पाउँछौं, "क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान कार्यको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं ।" परमेश्वरको प्रशंसाले मानिसहरू प्रभुतिर खिचिन्छन् साथै मण्डलीको वृद्धि हुँदछ । पहिलो शताब्दीमा एकैदिनमा तीन हजारले विश्वास गरे । प्रशंसाले भीडमा ठूलो हलचल ल्यायो भने प्रचारले मानिसहरूलाई मुक्तिको बाटोमा डोऱ्यायो ।

हाम्रा मण्डलीहरूले पहिलो शताब्दीको प्रेरितहरूले गरेको प्रशंसालाई नमूना बनाउनुपर्दछ । स्तुति प्रशंसाको समयमा परमेश्वरले गर्नुभएको महान कार्यहरूको चर्चा गर्नुपर्दछ । परमेश्वरले तपाईंको जीवनमा के गर्नुभयो त्यो कुराको घोषणा गर्नुपर्दछ । यदि हामी छेउको साथी करायो म पनि कराउनुपर्छ भनेर स्तुति प्रशंसाको समयमा कराइराखेका छौं भने त्यसले तपाईं र मेरो जीवनमा कुनै परिवर्तन ल्याउन सक्दैन । मानिसहरू हाम्रो प्रशंसाले प्रभुतिर अकार्षित हुन सक्दैनन् किनकि जहाँ आत्मा र सत्यतामा प्रशंसा हुन्छ, त्यहाँ मात्र नयाँ मानिसहरू मुक्तिमा डोऱ्याउने काम पनि हुन्छ ।

पेन्तिकोसको दिनमा यरूशलेममा भीड भएका मानिसहरूले परमेश्वरको महान कार्यहरूको चर्चा सुने जस्तै हाम्रो छर-छिमेकहरूले, आफन्तहरूले, समाजले परमेश्वरको महान कार्यको वर्णन हामीबाट सुन्नु परेको छ । हाम्रा मण्डलीहरू हल्ला गर्ने मण्डली भनेर होइन तर परमेश्वरको प्रशंसा गर्ने मण्डली भनेर चिन्नुपर्दछ । प्रशंसा गर्ने मण्डली भनेर चिनिनको लागि मण्डलीले परमेश्वरको महान कार्यको घोषणा गर्नु पर्दछ । प्रशंसा भनेको नै परमेश्वर को हुनुहुन्छ र उहाँले हाम्रो जीवनमा के गर्नुभयो ? त्यसको घोषणा गर्नु हो ।

साँचो प्रशंसाले मण्डलीमा वृद्धि ल्याउँदछ साथै मानिसहरूबाट शुभेच्छा पनि पाउँदछन् (प्रेरित २:४७) । के नेपालका मण्डलीहरूले खोजेका कुरा यही होइन र ? हाम्रा मण्डलीहरूमा साँचो परिवर्तन आउनको लागि पेन्तिकोसको परिवर्तन गर्ने शक्तिलाई स्वागत गरौं र प्रभुको महिमा गर्नेहरू बनौं ।

## जानकारी



गाम्छा बस्नुहुने श्रीमती जेठी नगरकोटी ६९ वर्षको उमेर भदौ ५ गते/अगष्ट २१ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला), तिलगंगा, नगदेश-ठिमी | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **गोंगबूँ** | **रानीपौवा** | **साहुगाउँ** |
| **भाद्र २३ गते<br>सेप्टेम्बर ८ ता.** | पाष्टर<br>एल.पी.न्यौपाने | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | **संयुक्त सेवा**<br>पाष्टर रोबर्ट कार्थक | डीकनेस्<br>निर्मला ढुङ्गेल | एल्डर<br>धन बहादुर तामाङ्ग |
| **भाद्र ३० गते<br>सेप्टेम्बर १५ ता.** | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>जमान तामाङ्ग | **संयुक्त सेवा-जोरपाटी चर्च** | | एल्डर<br>बी.एन. पण्डित | श्रीमती<br>रीना तामाङ्ग | डीकन<br>हनोक तामाङ्ग |
| **आश्विन ६ गते<br>सेप्टेम्बर २२ ता.** | पाष्टर<br>महेश थाँजु | श्री<br>अनुप लामा | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | श्री<br>पिटर लिम्बू | श्री<br>कुमार सेन्चुरी | डीकनेस्<br>आशा तामाङ्ग |
| **आश्विन १३ गते<br>सेप्टेम्बर २९ ता.** | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी | श्रीमती<br>रीना तामाङ्ग | एल्डर<br>धन बहादुर तामाङ्ग |
| **आश्विन २० गते<br>अक्टोबर ७ ता.** | पाष्टर<br>महेश थाँजु | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | पाष्टर<br>एल.पी.न्यौपाने | **संयुक्त सेवा<br>गोंगबूँ चर्च** | डीकन<br>हनोक तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



भाद्र ६ गते/सेप्टेम्बर २२ ता. बुधबार नेइम गोंगबूँ मण्डलीको सदस्य श्री पवन महर्जन र नेइम ज्ञानेश्वर मण्डलीको सदस्या सुश्री सृजना शाहीको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **पवन/सृजना महर्जन** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

श्रावण २० गते/अगष्ट ४ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीले स्थानीय तवरमा ५५ औं वार्षिक उत्सव मनायो ।

श्रावण २० गते/ अगष्ट ४ ता शनिबार १ जना र भाद्र २ गते/अगष्ट १८ ता. शनिबार १ जना विश्वासीले ललितपुर मण्डलीमा समर्पण गर्नुभयो ।

भाद्र ९ गते/अगष्ट २५ ता शनिबार १५ जना विश्वासीहरूले नेइम नगरकोट मण्डलीमा समर्पण गर्नुभयो ।

## सेप्टेम्बर महिनाको कार्यक्रम

आश्विन १ गते/सेप्टेम्बर १७ ता. सोमबार महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा

आश्विन २ गते/सेप्टेम्बर १८ ता. मंगलबार बिहान १०:००-३:०० बजेसम्म महिला संगति आ-आफ्नो मण्डलीमा

## अगापे सम्मेलन

आश्विन २८-३० गते/अक्टोबर १४-१६ ता. नेइम ज्ञानेश्वर मण्डलीमा अगापे सम्मेलन हुने भएको छ । उक्त सम्मेलनको तयारीको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. आदरणीय पाष्टर गुरुबाहरूको सेवकाइ, दीर्घायु साथै सुस्वास्थ्यको लागि प्रार्थना गरिदिऔं ।

२. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

३. असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा नेपालका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा शरद सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।

४. देशमा राजनैतिक गतिरोध, समस्या, अस्थिरता र द्वन्दको समाधान भई स्थायी शान्ति, समृद्धि, मेलमिलाप र राष्ट्रको उन्नतिको लागि प्रार्थना गरौं ।

५. हामी बसेका टोलका मानिसहरूको समझलाई अन्धो तुल्याउने अन्धकारको शक्तिको विरोधमा साथै टोल समाजलाई दुषित तुल्याउने तन्त्रमन्त्र, लागु पदार्थ र दुष्ट कुराहरूको विरोधमा पनि प्रार्थना गरौं जसको कारण मानिसहरूले परमेश्वरलाई चिन्न र विश्वास गर्न सकून् र त्यस ठाउँका सबै वातावरण पनि परिवर्तन भएको होस् ।

६. प्रभुलाई पाएर संसारतिर फर्केर गएकाहरू साथै संसारकै कुरामा अल्मलिरहनुभएकाहरू समय छँदानै पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।

७. नेपालका मण्डलीका विश्वासीहरूको लागि मृत्युपश्चात् दफनक (मृत्यु संस्कार) गर्न नेपाल सरकारले आवश्यक जग्गा समयमा नै उपलब्ध गराइदिन सकून् ।

८. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै झूटा शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

९. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै मिशनेरीहरूको सेवकाइ, विभिन्न काम, अध्ययनको लागि जानुभएकाहरू र परिवारको लागि प्रार्थना गरिदिऔं ।

१०. मण्डलीमा कसैले पनि रीतिविधिको रूपमा प्रभु येशूलाई नअंगालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १७ 2<br>वचनको सेवकाई गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>**यूहन्ना १५:४;१ कोरिन्थी २:१०-१३** | २४ 9<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून्।<br>**कलस्सी २:६-७** | ३१ 16<br>भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुरा देख्न सकून्।<br>**१ यहून्ना ५:१४-१५** | ७ 23<br>विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून्।<br>**२ कोरिन्थी ५:१४-२१** | १४ 30<br>नेइमअन्तर्गतका सबै शाखा/आवद्ध मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली हुँदै जान सकून्।<br>**एफिसी ३:१४-१९** |
| **सोमबार Monday** | १८ 3<br>बिहानको प्रार्थना सभामा प्रार्थनाको लागि आउनलाई अझै धेरैलाई पवित्र आत्मा परमेश्वरले नै बोझ दिऊन्।<br>**यशैया ५६:६-८** | २५ 10<br>मण्डलीका प्रत्येक परिवारका सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून्।<br>**अय्यूब १:१-५** | १ असोज 17<br>भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं।<br>**यर्मिया ३१:४,११ र १६** | ८ 24<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून्।<br>**हिब्रू १२:१-३** | १५ October 1<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून्।<br>**तीतस ३:१-३** |
| **मंगलबार Tuesday** | १९ 4<br>पूर्णकालिन सेवक/सेविका-हरूको सेवकाई र समर्पणताको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>**भजनसंग्रह ५७:२** | २६ 11<br>मण्डलीमा आइरहनुभएका नयाँहरूलाई मण्डलीका विश्वासीहरूले भेटघाट गरिदिने र मण्डलीको सेवा संगतिहरूमा डोऱ्याउने काम गर्न सकून्।<br>**हिब्रू १०:२४** | २ 18<br>मण्डलीलाई अगुवाइ गरिरहनु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डली-लाई पनि अघि बढाउन सकून्।<br>**भजनसंग्रह १०३:७** | ९ 25<br>मंगलबार हुने चंगाई सेवामा पवित्र आत्माबाटको छुट्कारा, चंगाई, निको हुवाई परमेश्वरको महिमाको लागि सबैले ग्रहण गर्न सकून्।<br>**मर्कूस १:२९-३४** | १६ 2<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून्।<br>**भजनसंग्रह १४५:१७-२०** |
| **बुधबार Wednesday** | २० 5<br>मण्डलीअन्तर्गत रहेका सबै घरेलु संगतिहरू नयाँ आत्माहरू जित्ने सुसमाचारको केन्द्र बन्न सकोस्।<br>**रोमी १५:२०** | २७ 12<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान सकौं र एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकून्।<br>**रोमी १५:१-६** | ३ 19<br>हामी सबै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून्।<br>**कलस्सी १:२५-२८, २:६-७** | १० 26<br>मण्डलीका विश्वासीहरू बीच साँचो एकता, प्रेम समझदारी बढेर गएको होस्।<br>**१ यूहन्ना ४:१९-२०** | १७ 3<br>चाडपर्वका समयमा भर्खरै विश्वास गर्नुभएकाहरू, पानीको बप्तिस्मा लिनुभएका-हरू, अधुरो परिवारमा हुनु-भएकाहरू प्रभुमा स्थिर रहिरहन सकून्।<br>**रोमी ८:३१-३९** |
| **बिहीबार Thursday** | २१ 6<br>मण्डलीका सबै बाल बालिका-हरू प्रभुबाटको प्यार-प्रेम, सुरक्षामा हुर्कनुको साथै आफ्ना साथीभाइको बीचमा असल साक्षी हुन सकून्।<br>**उत्पत्ति १७:७-८** | २८ 13<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू हुन सकून्।<br>**२ तिमोथी २:२२** | ४ 20<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून्।<br>**१ पत्रुस ४:७-११** | ११ 27<br>बेथानी आश्रममा बस्नुभएका बज्यैहरू साथै मण्डलीका सबै वृद्ध/वृद्धाहरू परमेश्वरमा सधैं आनन्दित जीवन जिउन सकून्।<br>**यशैया ४६:३-४** | १८ 4<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून्।<br>**कलसी ३:१३-१७** |
| **शुक्रबार Friday** | २२ 7<br>भोलि हुने आराधना सेवामा प्रचारिएको वचनद्वारा मण्डली-को आत्मिक स्तरमा वृद्धि आएको होस्।<br>**कलस्सी २:६-८** | २९ 14<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार आज्ञाकारी हुँदै जान सकून्।<br>**लूका ६:४६-४९** | ५ 21<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिक रूपमा बढ्दै जाने सेवा संगति हुन सकून्।<br>**भजनसंग्रह ९५:१-९** | १२ 28<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएरआउन सकौं।<br>**उपदेशक ५:१-६** | १९ 5<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं।<br>**भजनसंग्रह ८४:१-१२** |
| **शनिबार Saturday** | २३ 8<br>शाखा/आवद्ध साथै आउटरीच संगतिका झुण्डहरूलाई अगुवाइ गर्न सेवक/ सेविका-हरूको कमी नभएको होस्।<br>**लूका १०:२** | ३० 15<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानु-भएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं।<br>**यशैया ४५:१-७** | ६ 22<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस्।<br>**१ पत्रुस ५:७** | १३ 29<br>विभिन्न काम व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारीताद्वारा परमेश्वरलाई महिमा दिन सकून्।<br>**भजनसंग्रह २५:२१** | २० 6<br>येशू प्रभुलाई विश्वास गर्नेहरू विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेलाहरू भएर जिउन सकून्।<br>**कलस्सी १:२८** |

**तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ,...'म यहीं छु' (यशैया ५८:९)। तिनीहरूले बिन्ती गर्न अघि नै म जवाफ दिनेछु। तिनीहरूले बोल्दाबोल्दै तिनीहरूका कुरा म सुन्नेछु (यशैया ६५:२४)।**